## निर्णयहरु

१. जिल्लामा दोस्रो चरणको नयां भेरियन्ट सहितको कोभिड–१९ संक्रमण रोकथाम नियन्त्रण र व्यवस्थापनका लागि हालसम्म भएका प्रयासहरुका साथै मिति २०७८।३।११ गते २.०० वजेसम्म पाल्पा जिल्लामा कोभिड–१९ सम्बन्धमा रहेको निम्न बमोजिमको तथ्याङ्क जानकारी गराइयो।

| सि नं | विषयवस्तु | दोस्रो भेरियन्ट | कैफियत |
|---|---|---|---|
| १ | जम्मा परीक्षण | १६,४०४ | |
| २ | कूल संक्रमित | ४,८८३ | |
| ३ | सक्रिय संक्रमित | ३७२ | |
| ४ | होम आइसोलेसनमा | ३३२ | |
| ५ | उपचाररत | ४० | |
| ६ | निको भएका | ४४७३ | |
| ७ | निधन | ६८ | |

२. वाणिज्य वैंकहरु, विकास वैंकहरु, लघुवित्त, सहकारी, अन्य वित्तीय संस्थाहरु, बीमा सम्बन्धी कार्यालयहरुबाट प्रदान गरिने सेवाहरु स्वास्थ्य सम्बन्धि मापदण्डहरु पालना गरी कार्यालय समयमा प्रवाह गर्ने ।

३. औषधी एवम स्वास्थ सामग्रीका पसलहरु २४ सै घण्टा खुल्ला रहने। अत्यावश्यक दैनिक उपभोगका खाद्य सामग्री विक्री गर्ने पसल, ग्यांस, बुक्स एण्ड स्टेशनरी पसलहरु, पेट्रोलियम पदार्थ तथा निर्माण सामग्री लगायतका अन्य पसलहरु दिनमा १ पटकमात्र विहान ७.०० वजेबाट १२.०० वजेसम्म मात्र संचालन गर्ने।

४. जिल्लामा नयां भेरियन्ट सहितको कोभिड–१९ को संक्रमणको रोकथाम र नियन्त्रणका लागि यस अघि जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) पाल्पाको मिति २०७८।२।३१ को निर्णय समेतका आधारमा पाल्पा जिल्लाभर लागू हुने गरी जिल्ला प्रशासन कार्यालय पाल्पाबाट जारी भएको मिति २०७८।३।१२ गते राति १२.०० वजेसम्म कायम रहेको निषेधाज्ञालाई संक्रमणको अवस्था कायमै रहेको हुंदा संक्रामक रोग ऐन, २०२० को दफा २, कोभिड–१९ व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम मिति २०७८।३।१२ गते राति १२.०० वजेदेखि मिति २०७८।३।२२ गते राति १२.०० वजेसम्मका लागि निरन्तरता दिने। यो आदेशको कार्यान्वयनमा जिल्लास्थित सम्पूर्ण निकायहरु व्यक्ति, संघ संस्था, पेशाकर्मी, व्यवसायी तथा आम नागरिकहरुका तर्फबाट सहयोग गर्ने।

योगेन्द्र प्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी

५. जिल्ला समन्वय समिति, पाल्पाको समन्वयमा भएको स्थानीय तहहरुसमेतको मिति २०७८/१/३१ गतेको कोभिड-१९ नियन्त्रण तथा व्यवस्थापन सम्बन्धि समन्वय बैठकको निर्णय बमोजिम कोभिड-१९ प्रयोगशाला संचालनका लागि सबै स्थानीय तहले ३/३ लाख उपलब्ध गराउने निर्णय भए बमोजिम पाल्पा अस्पतालले तत्काल रकम उपलब्ध गराउन बाँकि स्थानीय तह संग समन्वय गरी पी.सि.आर.ल्याब संचालन गर्ने ।

योगेन्द्र प्रसाद पा
प्रमुख जिल्ला अधिका